परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक ६ २०८० श्रावण १० गते आईतवार Sunday 26, AUG 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## नवजात शिशुलाई बेचेको आरोपमा डाक्टर सहित सातजना प्रहरीको फन्दामा



नवजात शिशुलाई वेचेको आरोप पक्राउ परेका डाक्टर सहितको समूह

विराटनगर ॥ एक नवजात शिशुलाई बेचेको आरोपमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ डाक्टर तपेश्वरलाल कर्ण सहित सातजना प्रहरीको फन्दामा परका छन् ।

पक्राउहरुपमा जिल्ला भोजपुर, हतुवागढी गाउँपालिका वडा नं. ४ बस्ने वर्ष २७ को गोविन्द राई, जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. २ घर भई दिपेश मेडिकल हल संचालक बर्ष ६८ को डा. तपेश्वर लाल कर्ण, बिराटनगर महानगरपालिका वडा नं.९ बस्ने ग्रिनक्रस अस्पतालमा कार्यरत बर्ष ३३ की सुधा राजवंश, मोरङ, कटहरी गाउँपालिका वडा नं. २ बस्ने बर्ष ४६ की दिलमाया राजबंशी कटहरी गाउँपालिका वडा नं.२ बस्ने बर्ष ३० को सुर्य नारायण राजवंशी सिराहा, कल्याणपुर नगरपालिका वडा नं. १२ वस्ने वर्ष ३८ की निर्मला यादव रहेका छन् ।

उनीहरुले अषाढ १४ गते मोरंग विराटनगर महानगरपालिका वडा नं. ९ स्थित ग्रिनक्रस अस्पतालमा सकुशल जन्मिएको नवजात शिशुलाई मोटो रकम लेनदेन गरी बेपत्ता पारिएको भन्ने सूचनाको आधारमा अनुसन्धान गर्ने क्रममा सो घटनामा संलग्न रहेका सातजना व्यक्तिहरुलाई जिल्ला प्रहरी कार्यालय मोरङवाट खटिएको प्रहरी टोलीले मंगलवार पक्राउ गरको थियो ।

घटनाको विवरण अनुसार मोरंगको कटहरी गाउँपालिका वडा नं. २ आदर्श टोल बस्ने दिलमाया राजवंशीलाई नवजात शिशु वेचेको आरोपमा पक्राउ परेको मोरंग प्रहरी प्रवक्ता डिएसपी रन्जन दहालले जानकारी दिए । दिलमायाको बयानमा डा. कर्णलाई ५ लाख दिएको र २ लाख बच्चाको औषधी उपचारमा खर्च भएको भएको वताएकी छिन् । उक्त बच्चा अविवाहित जोडीवाट जन्मिएको वच्चा थियो ।

अविवाहित प्रेम जोडीबाट जन्मिएकी शिशुलाई विराट नगरस्थित ग्रिनक्रस हस्पिटलबाटै बेपत्ता गरेको आरोपमा मोरङ प्रहरीले कर्णसहति दुई जनालाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । शुक्रवारदेखि विराटनगर स्थित कोशी अस्पतालमा भर्ना भएका डा. कर्ण मङ्गलवार डिस्चार्ज भएपछि प्रहरीले न्यायीक हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ ।

सोही घटनामा पक्राउ परेको अर्का आरोपी भोजपुरको हतुवा गढी गाउँपालिका-४ घर भएका २७ वर्षीय गोविन्द राईलाई प्रहरीले 'व्यक्ति बेपत्ता पारेको कसुरमा' आइतबार पाँच दिनको म्याद थप गरेर अनुसन्धान गरिरहेको छ । प्रतिवादी राई अविवाहित किशोरीका प्रेमी हुन् । प्रेमीकै मिलेमतोमा शिशु बिक्री गरिएको प्रहरीको अनुमान छ ।

अविवाहीत किशोरीले असार १३ गते ग्रीनक्रस हस्पिटलमा छोरी जन्माएकी थिइन् । 'नर्मल डेलिभरी' मार्फत छोरीलाई जन्म दिएकोमा शिशु र प्रेमी बेपत्ता भएपछि युवती प्रहरीमा उजुरी दिन पुगिन ।

दुई जोडीको सम्बन्धबाट गर्भ बसेपछि गोविन्दले प्रेमिकालाई विराटनगर लिएर आएका थिए । सुरुमा ग्रीनक्रस अस्पताल नजिकै रहेको दीपेश मेडिकल क्लिनिकमा लिएर आए । उक्त क्लिनिक डाक्टर कर्णको हो । क्लिनिकमा आएका बिरामी भर्ना गर्नुपर्दा उनले ग्रीनक्रस अस्पतालमा लगेर उपचार गर्दै आएका छन् । उनको क्लिनिकबाट ग्रीनक्रस ५० मिटर दुरीमा रहेको छ ।

डा.कर्णले ती किशोरीका प्रेमीसँग ३५ हजार रुपैयाँ लिएर प्रसूति गराएका थिए । उनीहरूबाट जन्मिएको शिशुको व्यवस्थापन गर्ने जिम्मा पनि कर्णले लिए । किशोरीलाई वास्तविक परिचय लुकाएर अस्पताल भर्ना गरेको पाइएको छ । अस्पतालको रेकर्डमा गोविन्दको नाम मानबहादुर तामाङ र युवतीको फूलकुमारी तामाङ तथा ठेगाना सुनसरीको रामधुनी-११ उल्लेख छ ।

व्यथा लाग्ने औषधी खुवाएर

वांकी अन्तिम पेजमा...

## निषेधाज्ञले धरानमा तनाव

विराटनगर । कोशी प्रदेशको सुनसरी जिल्ला प्रशासन कार्यालयले धरान उपमहानगरपालिका क्षेत्रभित्र शनिवारको लागि निषेधाज्ञा जारी गरेपछि दिनभर धरानमा तनाव रहियो ।

धरान उपमहानगरपालिका भित्र सडक सुनसान देखिएको थियो । त्यसैगरी केही स्थानहरुमा साधु सन्तहरुले गाई माताको जय भन्दै गाई काट्नेलाई कारवाही गर भन्दै नारावाजी गरका थिए ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले शुक्रवार नै निषेधाज्ञा जारी गर्ने सूचना जारी गरेकी थिईन । 'धरान उपमहानगरपालिका क्षेत्र धार्मिक र साम्प्रदायिक साथै जनस्वास्थ्य संकट तथा शान्ति सुरक्षाको संवेदनशिलतालाई समेत मध्यनजर राखी संक्रामक रोग ऐन २०२० को दफा ९२० तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ९३० बमोजिम भाद्र ८ गते राति १२ बजेदेखि भाद्र ९ गते राति १२ बजेसम्म अत्यावश्यक काममा सुरक्षा निकायसँग समन्वय गरी बाहेक सामूहिक रुपमा गरिने सामाजिक, धार्मिक, राजनैतिक सभ, भेला, जम्मा र प्रदर्शनलगायतका कुनै पनि कार्यक्रमहरु नगर्न-नगराउन धरान उपमहानगरपालिका क्षेत्र भित्रका सम्पूर्ण बडालगायत क्षेत्रमा समेत लागू हुने गरी निषेधादेश जारी गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णको जानकारीका लागि सुनसरीका प्रमुख जिल्ला अधिकारीले जारी गरको आदेशमा उल्लेख थियो ।

शनिवार धरान उपमहा नगरपालिका प्रवेश गर्ने पश्चिम बाटो बराहक्षेत्र नपा १ मा पर्ने झण्डा चोकदेखि घरानतर्फको

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेश सरकारको नाममा सर्वोच्चले दिए अन्तरिम आदेश

विराटनगर, भदौ ७ गते । कोशी सरकारको विश्वासको मत संविधानसम्मत नदेखिएको भन्दै सर्वोच्च अदालतले कोशी प्रदेश सरकारलाई दीर्घकालीन महत्वका दुरगामी असर पर्ने नीतिगत निर्णय नगर्न अन्तरिम आदेश दिएको छ ।

नेकपा एमालेल प्रदेश सभाको अध्यक्षता गरेका इस्राइल मन्सुरीले पदको दुरुपयोग गरी मतदान गरेको मतका आधारमा मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत पाएको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेको थियो । न्यायाधीश ईश्वरप्रसाद खतिवडाको इजलासले विश्वासको मत संबैधानिक नदेखिएको ठहर गर्दै अन्तरिम आदेश दिएको हो ।

इजलसल भदौ १५ गतेको लागि मुद्दाको पेशी तोक्न आदेश दिदै त्यतिञ्जेलभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको छ । भदौ १३ गते भित्र मुख्यमन्त्रीको नियुक्ति, विश्वासको मतलगायतका सबै विवरण झिकाउन आदेश दिएको छ ।

## मुलुक अहिले राजनीतिक चंगुलमा

विराटनगर । कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले मुलुक अहिले राजनीतिक चंगुलमा फसेको वताएका छन् ।

बुढीगंगा गाउँपालिका वडा नं. १ पुष्पलाल चोक स्थित महिला जागृती तथा बृद्धा आश्रमको १५ औं साधारण सभालाई सम्बोधन गर्नुहुँदै उहाँले सो कुरा वताएका हुन् । राजनीतिक अस्थिरताका कारणले देशमा कुनै पनि कार्य सफल हुन नसकेको खापुङले दावी गरेका छन् ।

राजनीतिक चंगुलमा परेको मुलुकलाई सुधारणका लागि विभिन्न धर्महरुको बीचमा एकता कायम राखन आवश्यक रहेको भन्दै राजनीतिक अस्थिरताका कारणले अहिले देशमा विभिन्न आरजक्ता लगायत धार्मीक हस्तक्षेप भइरहेको वताए

मुलकमा अराजनीतिक तत्वहरु समाजमा प्रवेश भईरहेको छ, यस विषयमा नेपालीहरु गम्भीर भएर चिन्ता र चर्चा गर्नुपर्ने, अहिले सम्म हाम्रो समाज मिलेर बसेको छ, यो भन्दा पनि गाढा सम्बन्ध बनाएर बसन उहाँले आग्रह गरेका थिए ।

महिला जागृती तथा बृद्धा आश्रमले गर्दै आएको मानवसेवाको काम निकै नै सराहनीय रहेको प्रशंसा गरेका थिए ।

कार्यक्रममा आश्रमकी अध्यक्ष भुवनेश्वरी आचार्यले मनकारी सहयोगी हातहरुको सहयोगले आश्रममा आश्रित आमाहरुका लागि भवन निर्माण, खाद्यन्न लगायत स्वास्थ्य उपचारमा सहयोग गरेको जानकारी गराए ।

आश्रमका प्रमुख संरक्षक रेवत बहादुर कार्कीले मानव कर्मका लागि थोरै भएपनि बृद्धा आश्रमलाई सहयोग गर्न सबैलाई

वांकी अन्तिम पेजमा...



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

### कोशीमा...

रहेका जेष्ठ सदस्य एमालेकी मालतीकुमारी लिम्बू र राप्रपाका अम्बरबहादुर विष्ट अनुपस्थित भएपछि सभाध्यक्ष गरेका मन्सुरीले मतदान गर्नुअघि अध्यक्ष मण्डलकै अर्का सदस्य माओवादी सांसद गीता तिम्सिनालाई सभामुखको आसनमा बोलाएका थिए ।

तिम्सिना सभामुखको आसनमा गएर बसेपछि उनी मतदान स्थलमा गएर मतदान गरे । त्यसबेलामा एमाले सांसदहरूले विरोध गर्दै नाराबाजी गरेका थिए । मतदानपछि फेरि सभामुख आसनमा पुगेर मन्सुरीले मत परिणाम सुनाउँदै मुख्यमन्त्रीको पक्षमा ४७ र विपक्षमा ३० मत परेको परिणाम घोषणा गरे । हाम्रोमतबाट

### अञ्जु...

पुस्तकहरुपनि बजारमा ल्याईसकेकी छिन् । लाहुरेनी पिडा, 'मेमोरिज अफ अ गोर्खा ड्युरिङ लकडाउन', संगै सुब्बा सुभाडी र निशान बारे खोजमुलक लेखहरु लेखेकी छिन् । सामाजिक काममा समेत अग्रसर लिलाले विभिन्न पुरस्कारहरु समेत पाएकी छिन् । केही महिना अगाडी लिला र करणको सहकार्यमा 'सिमाना' बोलको गीतपनि आइसकेको छ ।

शानद्धरा निर्देशित म्युजिक भिडियोमा मिरुना र करण फिचर्ड छन् । फिल्मी शैलीमा तयार भएको भिडियोको प्रस्तुतीका कारण मिरुना र करणको जोडी जमेको छ । यो म्युजिक भिडियोलाई अर्जुन तिवारीले खिचेका छन्, भने रोशन विश्वकर्माले कोरियोग्राफी गरेका छन् । सुप्रिम पराजुलीको सम्पादन छ ।

### नवजात...

प्रसूति गराएपछि युवतीलाई अस्पतालले १४ असारमा डिस्चार्ज दिएको अस्पतालको रेकर्डमा देखिन्छ । डिस्चार्ज हुँदा नवजात शिशुलाई राईले हस्ताक्षर गरेर बुझेको देखिन्छ ।

डाक्टर कर्ण लामो समयदेखि नवजात शिशु वेचविखन कार्यमा सक्रिय रहेको हुनसक्ने भएकोले प्रहरीले त्यसतर्फ पनि अनुसन्धान अगाडि बढाएको छ ।

कर्णको धन्दा नै अवैध गर्भपतन गराउने र त्यस्तो सम्बन्धबाट जन्मिएका शिशुको व्यवस्थापनका नाममा अभिभावकबाट समेत रकम लिने र त्यही शिशुलाई मोटो रकम लिएर नि:सन्तान दम्पतीलाई बिक्री गर्ने देखिएको छ ।

त्यस्ता अवैध सम्बन्ध राखी गर्भ बसेकोलाई पतन गराउने र गर्भपतन गर्न नमिलेर जन्मिने शिशुको व्यवस्थापनका लागि अभिभावकबाटै रकम लिएर डा.कर्णले अन्यत्र बिक्री गर्दै आएको प्रहरीको अनुमान छ । नवजात शिशु किन्ने राजवंशीलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ ।

साथै निजहरुको साथबाट नवजात शिशुलाई समेत फेला पारी सकुशल उद्धार गरि प्रतिवादीहरु डा. तपेश्वर लाल कर्ण र गोबिन्द राईलाई लगायत सातैजनाको म्याद थप भई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

### मुलुक...

आग्रह गरेका थिए ।

कार्यक्रममा समाजसेवी देवकिसन मुण्डडा, बिजेन्द्र कुमार कर्ण, फडिन्द्र थापा लगायतलाई दोसला कदर-पत्रले सम्मान गर्नुका साथै आश्रममा आश्रित ५ जना आमाहरुलार्य समेत दोसल्ला ओढाएर सम्मान गरका थिए ।

### निषेधाज्ञले...

क्षेत्र धरान उपमहानगरपालिका प्रवेश गर्ने पश्चिम दक्षिण रामधुनी नपा ६ न. बाट बराहक्षेत्र नपा वडा न. ३ नडाहा चोकबाट धरानतर्फको क्षेत्र, इटहरी उपमहानगरपालिका वडा न. २० तरहरा पानीपियादेखि उत्तर धरानतर्फको क्षेत्र, धरान उपमहानगरपालिका वडा न. ५ प्रवेश गर्ने पूर्वी केराबारीबाट धरानतर्फको क्षेत्र र धनकुटा जिल्ला साँगुरीगढी गापा वडा नं. ६ भेडेटारबाट घरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरिएको थियो ।

त्यसैगरी धरान उपमहा नगरपालिकाले सामाजिक सद्भाव कायम राख्न अपिल गरेको छ । नगर प्रमुख हर्क साम्पाङले एक विज्ञप्ति जारी गर्दै यस्तो अपिल गरेका जारी गरेका थिए ।

'बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता सामाजिक, सांस्कृतिक सदभावलाई संरक्षण गरी समृद्ध समाजको निर्माण गर्नु नै हाम्रो कर्तब्य हो । समाजमा देखिने अशान्ति विभेदले विचार, विधि र व्यवहारमा स्थान पाउँदै गएमा सामाजिक अन्तरसम्बन्ध खलबलिने, अन्तर विरोध बढाउने, प्रतिशोध र द्वन्द्वलाई निम्त्याउने भएकाले आपसी सद्भाव, भाइचारा र एकता कायमका लागि सम्पूर्ण आम धरान नगरवासीहरूमा हार्दिक अपील गर्दछु,' साम्पाङले जारी गरेको सूचनामा उल्लेख थियो ।

### अध्यक्ष सहित सात पक्राउ

विराटनगर । जुवा तास खेलेको आरोपमा एक गाउँपालिका अध्यक्ष सहित ७ जना प्रहरीको फन्दामा परका छन् ।

पक्राउ पर्नेमा मुस्ताङ घरपफोड गाउँपालिकाका अध्यक्ष ५८ वर्षका मोहन थकाली भनिने मोहन सिंह लालचन, होटल सञ्चालक मुस्ताङ घरपफोड गाउँपालिका २ का ५७ वर्षीय इन्द्रबहादुर कार्की, ४६ वर्षीय नवीनप्रसाद थकाली, पोखरा ८, सिर्जना चोकका ६३ वर्षीय शंकर ज्वारचन, महेन्द्रपुलका ५३ वर्षीय गुञ्ज हिराचन, ५९ वर्षीय दलबहादुर हिराचन पनि रहेका प्रहरीले जनाएको छ ।

जुवा तास खेलेको आरोपमा बैदाम प्रहरी कार्यालय कास्कीले बिहीबार ४ लाख ४७ हजार रुपैयाँसहित ७ जनालाई पक्राउ गरी कारवाही अगाडी बढाएको प्रहरी कार्यालय कास्कीले जनाएको छ ।







## आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भिडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टवेल, रुमाल, सिरानी, तन्ना जस्ता बस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार, विज्ञापन बोर्ड







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### सामाजिक सद्भाव कायम राखौं

हाम्रो मुलुक  वहु सांस्कृतिक, वहुधार्मिक, बहुजाति भएको मुलुक हो । यस देशका आम जनतालाई पृथ्वी नारायण साहले चार वर्ण छतिस जातको फुलवारी भनेका छन् । त्यही फुलवारीका फूल हौ हामी । परापूर्वकाल देखि मुलुकमा बसोवास गर्ने सवै जातजातिहरु मिलेर एक अर्कोका धर्म संस्कृती मनाउने क्रममा हामी एक अर्को घरमा पुगेर सदभाव र आदरका साथ धार्मिक एकता कायम गरी मिलेर बसेका छौ । कही दिन देखि धार्मिक द्धवेश फैलाउने समूहले नेपाली जनताको भावना र चाहनाविपरीत धार्मिक-सामाजिक सद्भाव भड्काउने गतिविधि भई रहको छ । त्यस्तो गतिविधी कसैको पनि भलो गर्दैन । त्यसैले धार्मिक एकतालाई कसैले पनि भड्काउन काम नहोस । त्यस्ता गतिविधीमा सामेल भएकालाई कानुनी कारवाही गर्नु पर्छ ।

अहिले कोशी प्रदेशको सुनसरी जिल्लाको धरान उपमहानगरपालिका भित्र केही दिन यता भएको द्वन्द्वले हाम्रो धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र सद्भावनामा खलल पुर्‍याउनसक्ने विषयप्रति सवै नेपाली जनता सजग हुन जरुरी छ । सामाजिक, धार्मिक, राजनैतिक समग्र सद्भावका लागि सबै राजनीतिक दल, संघ संस्था, धार्मिक संस्थावाट सार्वजनि अपिल आउन जरुरी छ । सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारीले धार्मिक द्धन्द नहोस भने शनिवार निषेधाज्ञा जारी द्धन्द्धलाई टार्न खोजेको हो तर त्यो समाधान होइन ।

परापूर्व कालदेखि विभिन्न जात जाति, धर्म, संस्कृति र सम्प्रदायका नागरिक आपसी सम्मान र गहिरो सद्भावले मिलेर बसेका मात्रै नभई राष्ट्र निर्माण र विकासका लागि हातेमालो गर्दै आएका छौ । 'नेपालको कानुनले हरेक व्यक्ति र सम्प्रदायलाई अरूको धर्म, संस्कृति र आस्थामा चोट नपुयाई आ-आफ्नो धर्म, संस्कृतिको पालना गर्ने स्वतन्त्रता प्रदान गरेको कुरा पनि भुल्न हुँदैन । कसैको धर्म, संस्कृति र परम्परा प्रति कसैले दख्खल पुर्‍याउन पनि उचित हुँदैन,' धार्मिक, सामाजिक तथा राजनीतिक अस्थिरता र अराजकताको धमिलो पानीमा खेल्न खोजेका दृश्य अदृश्य शक्तिहरूलाई समयमै पहिचान गरी त्यस्ता शक्तिहरुलाई कानुनी कठघरामा उभ्याउन जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# क्रान्तिकारी कम्युनिष्ट नेतृ "रोजा लक्जेम्बर्ग" को जीवनकाल र उनका कार्यहरूको अध्ययन

- नारायण गिरी

रोजा लक्जेम्बर्ग विश्व सर्वहारा वर्गकी एक महान क्रान्तिकारी नेतृ तथा योद्धा थिइन् । उनी मार्क्सवादी सिद्धान्तकार, दार्शनिक, अर्थशास्त्री र क्रान्तिकारी समाजवादी थिइन् । उनले सुधारवादको विरुद्धमा धेरै ठूलो संघर्ष गरिन् र क्रान्तिलाई अगाडि बढाउने क्रममै आफ्नो प्राण उत्सर्ग गरिन् । दोस्रो अन्तर्राष्ट्रियमा क्रान्तिकारी धारको नेतृको रूपमा सुधारवादको विरूद्ध उनले सम्झौताहीन संघर्ष गरिन् । उनी सन् १९१८ को जर्मन क्रान्तिको प्रमुख नेता थिइन् । उनले पोल्याण्ड र जर्मनीमा मार्क्सवादलाई नयाँ दिशा दिइन् । आफ्नो संकल्प र निष्ठाको बलमा उनले सर्वहारा आन्दोलनलाई नयाँ दिशा दिन सफल भइन्। उनको बुलन्द प्रभावकारी आवाजको कारणले पूँजीपतिहरू काम्ने गर्दथे । तानाशाह शासकहरूको कुर्सी हल्लिन्थ्यो । रोजा बोल्न शुरु गर्दा सबै मानिस नतमस्तक हुन्थे । उनको हरेक बोलीमा संघर्षको आतुरता, व्यङ्ग्य र उपहास भरिएको हुन्थ्यो । उनको आवाज तीक्ष्ण, शक्तिशाली र थरथराहटयुक्त हुँदै बाहिर आउँथ्यो र कानबाट सीधैं हृदयमा बस्दथ्यो । उनी सुन्दर गीत पनि गाउँथिन् । उनको भाषण सुनेपछि मानिसहरू उनको प्रतिभालाई चमत्कार ठान्थे । उनी अत्यन्तै बुद्धिमान व्यक्तित्व थिइन् । उनी सामाजिक लोकतन्त्रवादी, समाजवादी, कम्युनिष्ट नेतृ हुन् । उनलाई पत्रकारको रूपमा पनि चिनिन्छ । आफ्ना शक्तिशाली विचार र भाषणको कारण उनलाई संसारमा चिनिन्छ । सत्तासीन व्यक्तिलाई उनी जहिले पनि औंला ठड्याउँथिन् । राजनीतिक धृष्टता, सामाजिक असमानता, लैंगिक भेदभावको विरुद्ध उनका सम्पूर्ण जुझारू कार्यहरूले गर्दा आजसम्म पनि संसारका अन्यायको विरुद्ध बोल्नेहरूका लागि उनी सदैव उच्च प्रेरणाको स्रोत बनिरहेकी छिन्। रोजाका राजनितिक विचारधाराहरूको कारण उनलाई 'रेड रोजा' उपनामले चिनिन्छ । उनले अन्तर्राष्ट्रिय स्तरमा समाजवादलाई स्थापित गराउनको लागि कैयौं क्रान्तिकारी कदमहरू उठाइन् । उनको साहस, समर्पण, त्याग, बदिदानीभाव र वीरताको कारण उनी सदैव विश्व सर्वहारा वर्गको निमित्त सम्मानित र महान प्रेरणाको स्रोत रहिरहेकी छिन् ।

रोजा (रोजालिया) लक्जेम्बर्गको जन्म एक मध्यमवर्गीय यहूदी परिवारमा जारशाही रूसको अधिनमा रहेको पोल्याण्डको जेमोक नजिकै लुबलिन भन्ने ठाउँमा ५ मार्च १८७१ मा भएको थियो । उनको पिता एलियाश लक्जेम्बर्ग एक काठ व्यापारी थिए। रोजा पाँचौं सन्तान थिइन् अर्थात् उनी पाँच भाइबहिनीहरूमा सबभन्दा कान्छी थिइन् । पाँच वर्षको उमेरमा खुट्टाको रोगको कारणले गर्दा उनी जीवनभरी अपाङ्गताको शिकार भएकी थिइन् । त्यतिबेलै उनको हिपको अपरेशन गरेर महिनौं ओछ्यानमा परेकी थिइन् । रोजामा शारीरिक कमजोरी भए पनि उनी बच्चैदेखि दृढ, संकल्पवान, प्रखर, मेधावी, पठनशील थिइन् । उनी बचपनदेखि नै नेतृत्वकारी गुणले भरिएकी थिइन् । उनी आफ्ना साथीहरूको बीचमा पनि लोकप्रिय थिइन् ।

रोजा ९ वर्षकी भएपछि उनीहरूको परिवार वार्सा गएको थियो । त्यसपछि उनलाई एक सरकारी स्कूलमा भर्ना गरियो । स्कूलमा उनले असाधारण प्रतिभा देखाइन् । युवा अवस्थामा पुग्दै गरेकी रोजाले अब समाजलाई बुझ्न लागेकी थिइन् । रोजा गोएथेका कविताहरूलाई खुब मन पराउँथिन् । दोस्तोइब्स्की, चार्ल्स डिकेन्स, लांगे, अनातोले जस्ता विश्वप्रसिद्ध साहित्यकारहरूका रचनाहरू खुब मन लाएर पढ्थिन् । पियरे ब्रूडका उपन्यासहरूले उनलाई धेरै प्रभावित गरेका थिए । रोजा स्कूल पढ्दादेखि नै मजदूर आन्दोलनमा जोडिएकी थिइन् । उनी त्यसबेला पोल्याण्डको वाम सर्वहारा पार्टीसँग जोडिएकी थिइन। उनको जीवन अभावै अभावले भरिएको थियो । समाजको आर्थिक स्तरमा विभाजन देख्दा र यी निरन्तर गहिरिँदै गएको देख्दा उनी दुःखित हुन्थिन्। श्रमिकहरूले आफ्नो दुर्दशालाई भाग्य ठानेर स्वीकार गर्ने अवस्थालाई देखेर उनी धेरै चिन्तित हुन्थिन् । यस्तै बेलामा उनको कम्युनिष्ट आन्दोलनका नेताहरूसँग सम्पर्क भयो । मार्क्सका विचारको रोजामा अत्यन्तै ठूलो प्रभाव थियो । राजनीतिप्रति आकर्षणको कारण रोजा वामपन्थी पार्टीको समर्कमा आइन् । सन् १८८६ मा उनले पोल्याण्डको वामपन्थी पार्टीको सदस्यता लिइन्। श्रमिक आन्दोलनमा भाग लिँदा उनको निर्भिक र प्रखर आन्दोलनकारी रूप प्रकट हुनलाग्यो । त्यतिबेला पोल्याण्डमा कम्युनिष्ट विचार धाराको प्रभाव निरन्तर बढ्दै गइरहेको थियो। पूँजीवादको विरोधमा सबै मानिसहरू संगठित हुँदै गइरहेका थिए । उनले आफ्नो राजनीतिक जीवनको शुरुवात मजदूर वर्गको व्यापक रूपमा आमहड्ताल र धर्नाबाट शुरु गरेकी थिइन् । जार अलेक्जेण्डर तृतीयको अधिनायक वादी शासनमा स्वतन्त्र विचार, राजनीतिक व्यक्तिहरू र श्रमिक आन्दोलनलाई भयंकर दमन गरिन्थ्यो । जारशाहीको भीषण दमनसँगै त्यसबेला पार्टीका चार जना नेताहरूलाई फाँसीको सजाय भएको थियो र पार्टीलाई पूर्ण रूपले प्रतिबन्ध लगाइएको थियो । मुख्य निशानामा रोजा पनि थिइन् । त्यसपछि पार्टीका अन्य नेता र सदस्यहरूसहित रोजा पनि भूमिगत रूपमा काम गर्न लागिन् । अब उनीहरूको सम्पूर्ण क्रियाकलाप भूमिगत रूपमा अगाडि बढ्न थाल्यो ।

सन्१८८७ मा रोजाले आफ्नो माध्यमिक परीक्षा पास गरिन् । त्यसपछि जारशाहीको गिरफ्तारी बाट बच्न र उच्च शिक्षा प्राप्त गर्नको लागि उनि सन् १८८९ मा स्वीट्जरल्याण्डको च्यूरिच गइन् र त्यहाँ ज्यूरिच विश्व विद्यालयमा भर्ना भइन् । त्यसपछि उनले यहाँ कानून र राजनीति शास्त्रको पढाइ शुरु गरेकी थिइन् । सन्१९९८ मा उलने मानक उपाधि हासिल गरेकी थिइन् । उनले स्वर्ण पदक प्राप्त गरेकी थिइन् तर त्यो पदक लिन अस्वीकार गरिन् । पछि उनले सन्१८९७ मा पोल्याण्डको औद्योगिक क्रान्ति विषयमा शोध लेखेर विद्यावारिधीको उपाधि पनि प्राप्त गरेकी थिइन् ।

रोजाले स्वीट्जरल्याण्डमा निर्वासनमा रहेका अजेक्जेण्डर कोलोन्ताइ, प्लेखानोभ, लियो जोगिश र पावेल अक्सेलरोद जस्ता मार्क्सवादी र क्रान्तिकारीहरूसँग भेट गरिन् । रोजाको क्षमता र सिद्धान्तनिष्ठाले ती सबै नेताहरूलाई प्रभावित बनाएको थियो। ज्यूरिचमा उनले इतिहास, राजनीति, दर्शन, गणित, समाजविज्ञान, अर्थशास्त्र, आदि विषयहरूको गहन अध्ययन गरिन्। राजनीतिशास्त्र, अर्थशास्त्र, मध्ययुगको इतिहास जस्ता विषयहरूमा त उनले कुशलता हासिल गरेकी थिइन् । त्यसैगरी राज्यको रूपमा मध्ययुगको आर्थिक स्थिति, शेयर बजारको संकटमा पनि उनले विशेषज्ञता हासिल गरिन्। सन् १८९० मा उनको लियो जोगीशसँग प्रेम सम्बन्ध भयो। त्यसपछि कुनै रीतिरिवाज बिना नै उनीहरूको यो प्रेमसम्बन्ध मृत्युपर्यन्त कायम रह्यो ।

रोजा लक्जेम्बर्ग पोल्याण्डको समाजवादी पार्टीको राष्ट्रवादी नीतिसँग सहमत थिइनन् । उनी राष्ट्रवादी प्रवृत्तिहरूलाई सर्वहारा अन्तर्राष्ट्रियतावादको लागि हानिकारक ठान्थिन्। सन् १८९३ मा लियो जोगिश र जुलियन मारक्लेभ्स्कीसँग मिलेर उनले स्प्राभा रोबोनित्कजा (मजदूरहरूको उद्देश्य) समाचारपत्र स्थापना गरिन् । यसको मुख्य उद्देश्य श्रमिकहरूको बीचमा वर्गीय चेतनाको विस्तार गर्नु थियो । यो समाचारपत्रको माध्यमबाट पोल्याण्डको समाजवादी पार्टीको राष्ट्रवादी नीतिको आलोचना गर्न लागिन् । पोलिस समाजवादी पार्टी रुसी साम्राज्यवादबाट पोल्याण्डको स्वतन्त्रताको माग गर्दथ्यो । रोजाले यो मागको विरोध गरिन् । त्यसपछि रोजा पोल्याण्डको समाजवादी पार्टीको निशानामा आइन् । रोजा र उनका साथीहरूको के मान्यता थियो भने जर्मनी, रूस, अस्ट्रियामा संयुक्त समाजवादी क्रान्तिबाट मात्र आत्मनिर्भर पोल्याण्डको जन्म हुनसक्छ । रोजाको मान्यता अनुसार संघर्षको लक्ष्य राजनीतिक दासता र पूँजीवादी उत्पीडन दुवैबाट मुक्तिको लागि हुनुपर्दछ । उनीहरूको बीचमा मतभेद तीव्र हुँदै गएपछि सन्  १८९३ मा लियो जोगिश, कोस्तान्जा शभा र जूलियस कार्स्कीसँग मिलेर पोल्याण्डको सामाजिक जनवादी पार्टीको स्थापना गरिन् । यो पार्टी पछि लिथुआनियाको सामाजिक जनवादी संगठनसँग एकताबद्ध भयो र यसलाई पोल्याण्ड र लिथुआनियाको सामाजिक जनवादी पार्टी भन्न लागियो । रोजा त्यसपछि मजदूरहरूको उद्देश्य पत्रिकाको सम्पादनको लागि पेरिस आइन् ।

राष्ट्रियताको मुक्तिको सम्बन्धमा रोजाको विचार फरक थियो । उनका अनुसार पोल्याण्डको स्वतन्त्रता भन्दा पनि जर्मन, रूस, अस्ट्रिया जस्ता मुलुकहरूमा समाजवादी क्रान्ति सम्पन्न भएपछि मात्र स्वतन्त्र र आत्मनिर्भर पोल्याण्ड अस्तित्वमा आउँदछ । यसको साथै उनी साम्राज्यवादको चरणमा ठूला शक्तिहरू अस्तित्वमा आएपछि साना राष्ट्रियताहरूको लागि आत्मनिर्णयको अधिकारलाई भ्रामक मान्न लागेकी थिइन् । यी आधारहरूमा उनी पोल्याण्डको लागि स्वतन्त्रताको माग गर्दथिन्। यस सम्बन्धमा रोजाको लेनिनसँग ठूलो बहससमेत भयो ।

सन् १९९८ मा रोजाले जर्मन निवासी गुस्ताभ ल्यूबेसँग विवाह गरिन्। यसको वास्तविक उद्देश्य जर्मनीको नागरिकता प्राप्त गरी अपेक्षाकृत रूपमा सुरक्षित हुनु थियो । यसपछि उनलाई जर्मन नागरिकता प्राप्त भयो। ५ वर्ष पछि उनले गुस्ताभलाई आभार प्रकट गर्दै सम्बन्ध विच्छेद गरिन् । रोजालाई के विश्वास थियो भने समाजवादी क्रान्ति सबभन्दा पहिले फ्रान्स र जर्मनीमा हुन्छ। जर्मनीको सामाजिक जनवादी पार्टी त्यसबेलाको सबभन्दा ठूलो संसदीय पार्टी बनिसकेको थियो। रोजा जर्मन सामाजिक जनवादी पार्टीसँग मिलेर काम गर्न चाहन्थिन् । त्यसकारण उनी बर्लिन आइन्। यसपछि उनले सामाजिक जनवादी पार्टीको कार्यलाई अगाडि बढाउन लागिन्। यद्यपि लियो जोगिशसँग मिलेर उनले पोल्याण्ड र लिथुआनियाको सामाजिक जनवादी पार्टीको पनि नेतृत्व सम्हालिरहिन् । सन् १८९९ मा प्रकाशित 'द मिलिशिया एण्ड मिलिटरिज्म' मा रोजाले जर्मन सैन्यवाद र साम्राज्यवादको जोडदार विरोध गरिन् । त्यसपछि आसन्न युद्ध रोक्नको लागि कार्यकर्ताहरूलाई एकजुट हुन पनि आव्हान गरिन् ।

जर्मनीको सामाजिक जनवादी पार्टी यतिखेर अवसरवाद र नोकरशाही जस्ता गम्भीर रोगले ग्रसित थियो । जर्मनीको सामाजिक जनवादी पार्टीका क्रान्तिकारी वाम पक्षसँग मिलेर रोजाले अवसरवाद र नोकरशाहीको विरुद्ध आन्दोल शुरु गरिन् । यसबेला जर्मनको सामाजिक जनवादी पार्टीमा संशोधनवाद तीव्र रूपमा प्रकट भएको थियो । पार्टीका एक प्रमुख नेता र सिद्धान्तकार एडवर्ड बर्नस्टीनले पूँजीवादले आफ्ना अन्तर्विरोधहरूबाट छुटकारा पाउन सक्दछ र विकसित पूँजीवादी देशहरूमा तीव्र औद्योगिक विकास तथा संसदीय जनवादद्वारा समाजवाद हासिल गर्न संभव छ भन्ने अवधारणा पेश गरेका थिए । यो अवधारणा अनुसार वर्गसंघर्षलाई र मार्क्सवादलाई छोड्नु थियो । यतिखेरै यहाँ उनको भेट प्रसिद्ध मार्क्सवादी विचारक कार्ल काउत्स्कीसँग भयो । यसपछि रोजाले कार्ल काउत्स्कीसँग मिलेर यो संशोधनवादी विचारको विरुद्धमा दृढतापूर्वक संघर्ष गरिन् र मार्क्सवादको रक्षा गरिन् । रोजाले आफ्नो संघर्षको क्रममा स्पष्ट रूपमा के घोषणा गरिन् भने पूँजी र श्रमको

वांकी ५ पेजमा...

# सामाजिक सञ्जाल मार्फत ठगी गर्ने उन्चास लाख सति दुई जना पक्राउ

विराटनगर। सामाजिक सञ्चाल टिकटक, फेसबुक, ह्वाटसप लगायत इलोक्ट्रोनिक मार्फत ठगी गर्ने ४९ लाख नगद सहित दुई जनालाई प्रहरीले पक्राउ गरेका छन्।




उक्त सञ्चाल मार्फत "तपाई लक्कि हुनुभएको छ, तपाइले लक्की ड्र मार्फत आईफोन जित्नु भएको छ, हामी आर्यफोन पठाउँदै छौं कस्टम क्लियरेन्सको लागि पैसा पठाउनु पर्छ" भनि विभिन्न बैक खातामा रकम जम्मा गर्न लगाई ठगी गर्ने व्यक्तिहरुलाई नेपाल प्रहरी साइबर ब्यूरोले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मधेश प्रदेशका पर्सा जिल्ला बहुदामाई नगरपालिका वडा नं. ८ बस्ने वर्ष ३० को राज कुमार पण्डीत र जिल्ला रौतहट कटहरीया नगरपालिका वडा नं. १ बस्ने वर्ष २१ को उमेश कुमार यादव रहेका छन्। उनीहरुको साथवाट नगदः रु ४९,लाख ९५ हजार रुपियाँ र ७ थान मोवाई, १२ थान एटिएम कार्ड र राउटर १ थान बरामद भएको छ।

प्रहरीमा पिडितहरुले दिएको निवेदनहरू माथीको प्राविधिक अनुसन्धान र विश्लेषणबाट खुल्न आएका उक्त कार्यमा संलग्न व्यक्तिहरूलाई भदौ ५ गते ब्यूरोबाट खटिई गएको टोलीले ललितपुर, कुपण्डोल गुसिङ्गाल बाट पक्राउ गरी निजहरूसँग भएको नगद तथा सञ्चार उपकरणहरू समेत बरामद गरी विधुत्तीय माध्यम सम्बद्ध ठगी कसुरमा सम्मानित काठमाडौं जिल्ला अदालतको भाद्र ५ गतेको आदेशले दिन सात (७) म्याद थप भई आवश्यक अनुसन्धान कार्य जारी रहेको ब्यूरोले जनाएको छ।

# मोरंगको दुई मेडिकल कलेज सहित २६ बाट निजी अस्पताल र मेडिकल कलेजबाट हटायो बिमा कार्यक्रम

विराटनगर। स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा अन्तर्गतको स्वास्थ्य सेवा प्रदान गरिरहेका मोरंगका दईवटा मेडिकल कलेज सहित २६ वटा निजी स्वास्थ्य संस्थालाई सूचीबाट हटाएको छ।

कोशी प्रदेशको राजाधी विराटनगरमा रहेको नेपाली कांग्रेस सांसद् सुनिल शर्माको नोबेल मेडिकल कलेज र बुढीगंगा गाउँपालिकाको टंकीमा रहको विराट मेडिकल कलेज एण्ड रिसर्च सेन्टर सहित २६ वटा स्वास्थ्य सेवा प्रदान गरी रहेका अस्पतालहरुलाई बीमा कार्यक्रमवाट हटाएको हो।

स्वास्थ्य बीमा बोर्डसँग विभिन्न मितिमा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २ मा भएको परिभाषा अनुसारका अस्पतालहरूले सोही ऐनको दफा ९ मा भएको व्यवस्था बमोजिम सम्झौता गरी सम्झौताको अवधि बाँकी छदै आ.व. २०७९/०८० को बजेट बक्तव्यपश्चात सूचना टाँस गरी सेवा स्थगन गरेका स्वास्थ्य संस्थाहरू उक्त सूचीमा परेका हुन्।

त्यससैगरी नेपाल सरकारको बजेट बक्तव्यले निर्दिष्ट गर्नु भन्दा अगावै स्वास्थ्य बीमा ऐन अनुसार सम्झौता भएका तर आ.व. २०७९/०८० को बजेट बक्तव्यपछि अस्पतालहरूको सम्झौता अवधि समाप्त भई पुनः नविकरण नभएका वा हुन नसकी स्वास्थ्य बीमाको सेवा बन्द भएका निजी स्वास्थ्य संस्थाहरू र लामो समय सम्म सम्झौता नवीकरण नगरेका स्वास्थ्य संस्थाहरूलाई सेवा प्रदायक संस्थाहरूको सूचिबाट हटाउने निर्णय गरिएको हो।

स्वास्थ्य बीमा बोर्डको गत साउन ३२ गतेको बोर्ड बैठकले हटाएका छ

# अञ्जु सेलिङको 'पिरतीको मुस्कान' गीत सार्वजनिक

विराटनगर। चर्चित अभिनेत्री मिरुना मगर र द भ्वाईस अफ नेपाल सिजन ४ बिजेता गायक करण राई फिचर्ड 'पिरतीको मुस्कान' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। राजधानीमा पत्रकार सम्मेलनको आयोजना गर्दै लेखक तथा गीतकार लीला सेलिङ् माबोको शब्दमा रहेको गीत सार्वजनिक गरिएको हो। देवेश राईको संगीत, एरेञ्ज तथा मिक्सिङ रहेको गीतलाई लिला र अन्जु सेलिङले निर्माण गरेका हुन्, भने करणको स्वर रहेको छ। यो गीत करण राई युट्युव च्यानलबाट सार्वजनिक भएको छ।

चर्चित कवि तथा निर्देशक उपेन्द्र सुब्बाले करण र गीतको टिमलाई शुभकामना दिएका थिए। लीलाको बाबा-आमालाई करणले सम्मान गरेका थिए, भने करणलाई निर्माण टिमबाट स्वागत सम्मान गरिएको थियो। लीलाकी बाबाले पनि कार्यक्रममा शुभकामनाका शब्दहरु बोल्दै छोरीहरुलाई पढाउदाको विगतका दिनहरु सम्झिएका थिए। क्रमश कार्यक्रममा लेखक सन्दिप राई र म्युजिक भिडियो निर्देशक हाङ चेम्जोङले पनि शुभकामनाका शब्दहरु बोलेका थिए।

आधा दर्जन गीत रेकर्ड गरिसकेकी लिलाले केही

वांकी अन्तिम पेजमा...

## अचम्भको संचार

# लामो दाह्री बनाएर महिलाले राखिन विश्व कीर्तिमान

पुरुषहरुले दाह्री जुँगा पालेर अनेकथरी रेकर्ड कायम गर्नु स्वभाविकै हो। तर अमेरिकामा भने एकजना महिलाले लामो दाह्री पालेर गिनिज बुकमा नाम लेखाएकी छिन्।

३८ वर्षकी एरिन हनिकट अमेरिकाको मिशिगनमा बस्छिन्। गिनिज वर्ल्ड रेकर्डस्का अनुसार हनिकटले दुई वर्षको अवधिमा ११.८१ इन्च लामो दाह्री बनाएर विश्व कीर्तिमान कायम गरेकी हुन्। विश्वकै सबैभन्दा लामो दाह्री भएकी महिलाको रुपमा उनको नाम गिनिज बुकमा दर्ज भएको छ।



यो सँगै उनले ७५ वर्षीया भिभियन ह्वीलरको रेकर्ड भंग गरेकी छिन्। भिभियनको दाह्री १०.०४ इन्च लामो थियो।

समाचार अनुसार हनिकटको दाह्री पूर्णरुपमा प्राकृतिक हो र दाह्री बढाउनका लागि उनले कुने हर्मोन वा सप्लिमेन्ट लिएकी छैनिन्।

हनिकटलाई पोलिसिस्टिक ओभरियन सिन्ड्रोम नामक रोग छ। जसका कारण उनका दाह्रीजुँगा पलाएका हुन्। वास्तवमा हर्मोनको असन्तुलनका कारण यो स्वास्थ्य समस्या पैदा हुन्छ। यसले महिलामा अनियमित रजश्वला, शरीरमा अनावश्यक रौं पलाउने, वजन बढ्ने जस्ता समस्या देखा पर्दछन्।

एरिक १३ वर्षकी छँदादेखि नै उनको अनुहारमा दाह्रीजुँगा पलाउन सुरु गरेका थिए। त्यसबाट छुटकारा पाउनका लागि उनले खौरने तथा वाक्सिंग गर्नेलगायतका अनेक उपाय अपनाइन्। उनले दिनमा तीन पटकसम्म खौरिने गर्थिन्। आफ्नो किशोरावस्था देखि यौवनावस्थासम्मै उनले यस्तो जारी राखिन्।

तर उच्च रक्तचापका कारण भएको स्ट्रोकले आँखाको ज्योति आंशिक रुपमा गुमेपछि उनको जीवनको नयाँ मोड सुरु भयो। त्यसपछि उनले आफ्नो शरीर तथा आफ्नो विषम परिस्थितिलाई स्वीकार गर्ने अठोट गरिन् अनि आफ्नो दाह्री खौरिन छाडेर बढ्न दिइन्।






# कोशीमा गठबन्धनले समातेको संविधानका दुई धारामा के छ ?

विराटनगर । सरकार ढाल्ने र टिकाउने अनेक तिक्डममा लागेका कोशी प्रदेशका राजनीतिक दलहरूको ‘को भन्दा को कम’ शैलीको लडाइमा तत्कालिको लागि सत्ता पक्षले सफलता पाएको छ। मुख्यमन्त्री उद्धव थापाले बैठकको अध्यक्षता गरेका जेष्ठ सदस्य इस्राइल मन्सुरीसमेतको मतबाट विश्वासको मत प्राप्त गरेका छन् ।

सभाको अध्यक्षता गरेका मन्सुरीको मतदानबारे विपक्षी दल नेकपा एमालेले बैठकमै नाराबाजी र विरोध गरेको थियो । मन्सुरीले होहल्लाबीच मुख्यमन्त्रीले विश्वासको मत पाएको घोषणा गरिसकेकोले एमालेले अब अदालत जाने तयारी गरेकोले यसको संवैधानिक र कानूनी प्रश्न अदालतबाटै निरुपण हुने देखिन्छ ।

तत्कालिन सभामुख बाबुराम गौतमले राजीनामा दिएपछि साउन १६ गते मुख्यमन्त्री नियुक्त भएका थापाले भदौ ३ गते विश्वासको मत लिने व्यवस्थाको लागि प्रदेशसभालाई पत्र पठाएका थिए । तर, सभामुखसमेतको भूमिकामा रहेकी उपसभामुख सिर्जना दनुवारले भदौ ४ गतेको समय तोकिदिइन् ।

सभामुखले राजीनामा दिइसकेकोले सत्ता गठबन्धनसँग विश्वासको मत पाउन पुग्ने संख्या ४७ कायम छ । तर, विपक्षी दल एमाले जसरी पनि विश्वासको मत रोक्न चाहान्थ्यो । त्यसको लागि एमालेले उपसभामुखसहित अध्यक्ष मण्डलमा रहेका आफ्ना सदस्यलाई मात्र नभएर ६० वर्षमाथिका सबै जेष्ठ सदस्यलाई पनि बैठकमा अनुपस्थित गरायो । त्यसको लागि ‘विरामी’ र ‘घरयासी’ समस्यालाई कारण देखाइयो ।

सत्तारुढ गठबन्धनबाटै बैठकको अध्यक्षता भएमा मुख्यमन्त्रीले विश्वासको मत नपाउने भएकोले एमालेले त्यो ‘खेल’ खेलेको थियो । आफैंले बोलाएको बैठक छाडेर उपसभामुख दनुवार एकाएक आज विहान विरामी हुनु कुनै संयोग नभएर पूर्वनिर्धारित थियो भन्ने कुरा एमालेकै सांसदहरु स्वीकार गर्छन् ।

प्रदेश सभाका ७ जना ज्येष्ठ सदस्यलाई एकैपटक एकै व्यहोराको पत्र लेख्न लगाएर सोमबारको बैठकमा उपस्थित हुन नसक्ने जानकारी एमालेले गराएकोमा त्यसलाई उपसभामुख दनुवारले नै आइतबार स्वीकृति दिएकी थिइन् । तर, सोमबार बिहान ८ बजे कार्यव्यवस्था समिति बैठक बोलाएकी उनी ७ बजेको विमानबाट काठमाडौं पुगेपछि उनको सचिवालले ‘विरामी’ भएको पत्र प्रदेशसभामा ९ बजे दिएको थियो ।

काबुबाहिरको परिस्थितका कारण बैठकमा आउन नसक्ने पत्र प्रदेशसभामा दिएका एमाले सांसद खड्गबहादुर बस्नेत विराटनगरमै एनजिओको कार्यक्रममा व्यस्त रहेको पाइनुले उपसभामुख र जेष्ठ सांससदहरुको अनुपस्थिति नियोजित रहेको स्पष्ट हुन्छ । उपसभामुखदेखि आफ्ना सात र राप्रपाका एक ज्येष्ठ सदस्य अनुपस्थित भएपछि एमालेका नेता बुद्धिकुमार राजभण्डारी भनिरहेका थिए ‘अब हेरौं त ! थापा सरकारले कसरी विश्वासको मत लिँदोरहेछ ?’

एमालेको अनुमान थियो, आफ्नै सांसदले बैठकको अध्यक्षता गर्नुपर्ने भएपछि सत्ता पक्ष बैठक चलाउन हच्किनेछ । उपसभामुखले इस्राइल मन्सुरीलाई सभामुखको भूमिका निर्वाह गर्न लिखित पत्र दिएपछि सुरुमा गठबन्धनका नेताहरू आत्तिएका थिए ।

तर, सत्ता गठबन्धनले केन्द्रीय नेतृत्व र कानुन व्यवसायीसँग परामर्श गरेपछि सोमबार नै विश्वासको मत लिने निर्णय गर्यो । माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बाले सुरुमा यो निर्णय सार्वजनिक गर्दा पत्रकार र अन्यले पनि सुरुमा पत्याएका थिएनन् । किनकि मुख्यमन्त्री थापाले त्यसअघि पत्रकारहरुसँग ‘आजलाई विश्वासको मत लिने संभावना देखिएन’ भनेका थिए ।

तर, बैठक चलाउने र अध्यक्षता गरिरहेका मन्सुरीलाई पनि मत दिन लगाउने योजना बाहिरिएसँगै बैठक सुरु भयो । बैठकमा मुख्यमन्त्रीले विश्वासको मत मागेपछि काँग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाले समर्थन गर्यो भने एमालेले मत नदिने बतायो ।

सत्ता गठबन्धनले एक्कासी सदन चलाउने र विश्वासको मत लिने निर्णय लिएपछि प्रमुख विपक्षी एमाले बिलखबन्दमा परेको प्रदेशसभामा उसको प्रस्तुतीमा पनि देखिएको थियो । एमालेले बैठकको अध्यक्षता गर्ने सांसदले मत दिन नपाउने र त्यसो गर्न खोजे अवरोध गर्ने योजना पनि बुनेको थियो। तर, एमालेले यस्तो तयारी गरिरहँदा सत्ता पक्षले पनि उस्तै तयारी गरेको प्रदेशसभाको दृश्यले बतायो ।

विश्वासको मतमाथिको छलफलमा एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले सभाको अध्यक्षता गरेका व्यक्तिलाई मतदान गराउने प्रयास हुनसक्ने भन्दै त्यसो गर्नु असंवैधानिक हुने बताएका थिए । उनले यसअघि सभामुखले असंवैधानिक भूमिका खेल्दा अदालतले सचेत गराएको स्मरण गर्दै खबरदारी गरेका थिए ।

गठबन्धनका नेताहरुले भने सभाध्यक्ष मण्डल सभामुख वा उपसभामुख नभएका कारण मत दिन नमिल्ने नभएको तर्क गरे । एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले उपसभामुखले नियत राखेर विश्वासको मत लिने काममा अबरोध गर्न खोजेकोप्रति आक्रोश व्यक्त गर्दै संविधानको धारा १८६ को गलत ब्याख्या भइरहेको दावी गरे । सो धारामा उल्लेखित अध्यक्षले मतदान गर्ने विषय विश्वासको मतमाथिको मतदान नभएर विधेयकमाथिको विषय मात्र भएको उनको भनाइ थियो ।

‘धारा १८६ मा प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुने उल्लेख छ’ उनले भने, ‘विश्वासको मत उपस्थित हुने सदस्यहरुको बुहमतबाट नभएर प्रदेशसभामा कायम रहेका सदस्यको बहुमतबाट हुने भएकोले विश्वासको मतमा त्यो धारणा आकर्षित हुँदैन ।’ विश्वासको मतसम्बन्धि व्यवस्था धारा १८८ अनुसार निर्णय हुने भन्दै उनले १८८ को उपधारा (३) अनुसार मुख्यमन्त्रीले प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमत प्राप्त गर्नुपर्ने व्यवस्था मात्र रहेको सम्झाए ।

संविधानको धारा १८६ मा प्रदेश सभामा मतदान सम्बन्धि व्यवस्था छ । सो धारामा लेखिएको छ ‘प्रदेश सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन । तर, मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।’ सो धारणमा उपस्थित सदस्यको बहुमतबाट निर्णय हुने उल्लेख भएकोले यो धारा विश्वासको मतको लागि आकर्षित नहुने उनको जिकिर थियो ।

संविधानको १८८ मा विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था छ । सो धाराको उपधारा १ मा ‘मुख्यमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रदेश सभा समक्ष प्रस्ताव राख्न सक्नेछ’ उल्लेख छ । यस्तै उपधारा २ मा ‘मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेश सभा समक्ष प्रस्ताव राख्नु पर्नेछ’ भन्ने व्यवस्था रहेको छ भने उपधारा ३ मा भनिएको छ, ‘उपधारा (१) र (२) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित हुन नसकेमा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ ।’

प्रदेशसभाको बैठकमा माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले संविधानको ३ वटा धारा उदृत गरे । उनले संविधानको धारा १८६ र १८७ अध्ययन गर्न विपक्षीलाई सुझाब दिए । संविधानको धारा १८७ मा प्रदेशसभाको विषेधिकार सम्बन्धि व्यवस्था छ । सो धारा अनुसार प्रदेशसभामा भएको कुनै पनि निर्णय, छलफल र मतदानको विषय अदालतमा उजुरी लाग्न सक्दैन ।

धारा १८७ को १ ले प्रदेश सभामा पूर्ण वाक् स्वतन्त्रता रहनेछ र प्रदेश सभामा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै अदालतमा कारबाही नचलाइने व्यवस्था छ । यस्तै उपधारा २ प्रदेश सभालाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहने र प्रदेश सभाको कुनै काम कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार प्रदेशसभालाई मात्र हुने भएकोले कुनै अदालतमा प्रश्न उठाइन नपाइने व्यवस्था छ ।

सो धाराको उपधारा ३ मा प्रदेश सभाको कुनै कारबाही उपर त्यसको असल नियतबारे शंका उठाई कुनै टीका-टिप्पणी नगरिने व्यवस्था छ । सोही धाराको उपधारा ५ मा प्रदेश सभाको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाही नचल्ने व्यवस्था रहेको छ ।

संविधानका तीन धारालाई टेकेर गठबन्धनले सभाध्यक्षता गरेका अध्यक्ष मण्डलका सदस्यले बाध्य भएर विश्वासको मत दिनुपरेको जिकिर गरेको हो । उसले सभाध्यक्षता गरेका मन्सुरी बाध्यताले अध्यक्षको कुर्सीमा बस्न परेकोले उनले मतदान गर्न पाउने, बराबरी भएमा मात्र मत दिने संविधानको व्यवस्था बिधेयकको हकमा मात्र भएकोले सभाध्यक्षलाई मत दिनबाट अबरोध नहुने तथाा सभाभित्र भएको निर्णय अदालतमा प्रश्न उठाइन नपाइने भएकोले यो अदालतको प्रश्न नहुने जिकिर गरेको छ । अर्कोतिर अध्यक्ष मण्डलले उपसभामुखको अनुपस्थितिमा कामचलाउ रुपमा मात्र सभा चलाउने भएकोले उनी सभामुख वा उपसभामुख नभई प्रदेशसभा सदस्य मात्र रहेको गठबन्धनको जिकिर छ ।

गठबन्धनको यहि तर्कलाई टेकेर सभामुख आसनमा रहेका मन्सुरीले मुख्यमन्त्री थापालाई विश्वासको मत दिएका हुन् । सभाको अध्यक्ष अध्यक्ष मण्डलमा

वांकी अन्तिम पेजमा...

# बम ब्लाष्ट में दो घायल उपचारिक के वाद रेफर

राजेश शर्मा

जोगबनी । फारबिसगंज थाना क्षेत्र के किरकिचिया पुष्पी टोला एबीसी नहर के पास शुक्रवार को झाड़ी में छिपाकर झोला में रखा बम फटने से दो लोग बुरी तरह से घायल हो गए।घायल अवस्था में दोनों को फारबिसगंज अनुमंडलीय अस्पताल में भर्ती कराया गया,जहां प्राथमिक चिकित्सा के बाद नाजुक स्थिति को देखते हुए समुचित चिकित्सीय सुविधा को लेकर हायर सेंटर रेफर कर दिया गया।घायलों में किरकिचिया पंचायत के कटहरा वार्ड नंबर एक का रहने वाला द्धछ वर्षीय रवि ऋषिदेव पिता परसादी ऋषिदेव और ढोलबज्जा क्रम में पैर से ठोकर लग जाने के बाद वह तेज आवाज के साथ ब्लास्ट कर गया।जिसमे दोनों घायल हो गए।बम के ब्लास्ट होने से जहां रवि की आंख और शरीर में कुछ स्थानों से खून निकलने लगा वहीं मनोज के दोनों पैर जख्मी हो गया है।फारबिसगंज अनुमंडलीय अस्पताल में इलाज कर रहे चिकित्सक डॉ मनोज कुमार ने बताया कि दोनों गंभीर रूप से घायल है।प्राथमिक इलाज के बाद दोनों को समुचित इलाज को लेकर रेफर किया गया है।उन्होंने भी बम ब्लास्ट होने से घायल होने की बात कही।सूचना के बाद मौके पर फारबिसगंज एसडीपीओ खुशरू सिराज, थानाध्यक्ष आफताब अहमद,



वार्ड नंबर एक का घण वर्षीय मनोज ऋषिदेव पिता कृत्यानंद ऋषिदेव है।दोनों को नाजुक हालत देखते हुए रेफर कर दिया गया है।घटना की सूचना पर फारबिसगंज एसडीपीओ खुशरू सिराज,थानाध्यक्ष आफताब अहमद, एसआई रौनक सिंह,अमर कुमार पुलिस बलों के साथ अनुमंडलीय अस्पताल पहुंचकर पीड़तिों से घटना की जानकारी ली। एसआई रौनक सिंह,अमर कुमार पुलिस बलों के साथ अनुमंडलीय अस्पताल पहुंचे और घायल पीड़ति युवकों से घटना को लेकर जानकारी लेने के बाद मामले की तफ्तीश में जुट गए ।

घटना को लेकर घायल रवि ऋषिदेव और मनोज ऋषिदेव ने बताया कि दोनों शौच के लिए नहर की ओर गए थे।वहां पहुंचने के बाद झाड़ी में प्लास्टिक के झोला में रखा समान देखा।इसी

मौके पर फारबिसगंज एसडीपीओ खुशरू सिराज ने कहा कि दो के घायल होने की सूचना मिली है।बेहतर इलाज के लिए घायल को रेफर किया गया है।मामले की जांच की जा रही है।कैसे झाड़ी तक संदिग्ध वस्तु पहुंचा।साथ ही उन्होंने कहा कि किस तरह का विस्फोटक है,उसका भी पता लगाया जा रहा है।पुलिस के कई बिंदुओं पर जांच करने की बात उन्होंने कही ।



## क्रान्तीकारी...

बीचको अन्तर्विरोध केवल क्रान्ति र त्यसपछि उत्पादन सम्बन्धहरूमा आमूल परिवर्तनसँगै समाधान हुन सक्दछ। यही क्रममा सन् १८९९ मा उनले आफ्नो प्रसिद्ध पुस्तक "सामाजिक सुधार वा क्रान्ति" लेखिन् । यो किताब उनले बर्नस्टीनको किताब इभोल्यूसनरी सोशलिज्मको आलोचनामा लेखेकी थिइन् । अन्य पुस्तकभन्दा यो पुस्तकले कम्युनिष्ट कार्यकर्ताहरूलाई लागि धेरै प्रशिक्षित गरेको थियो । बर्नस्टीन संसदको माध्यमबाट बिस्तारै-विस्तारै कानूनी प्रक्रिया पालन गरेर अगाडि बढ्ने कुरा गर्थे। तर रोजाको दृष्टि विद्यमान उत्पीडनको वास्तविक आधार श्रम दासता थियो । यो यस्तो चीज हो, जहाँ कानूनको त कुनै मुद्दा नै आउँदैन। रोजाका अनुसार श्रम दासता कानूनमा आधारित हुनुको सट्टा मुख्यत : आर्थिक कारकहरूद्वारा निर्धारित हुन्छ । त्यसकारण पूँजीवादी वर्ग वर्चस्वको आधारभूत आधारलाई कानूनी सुधारद्वारा बदल्न सकिँदैन । किनकि यो दासता कुनै कानूनद्वारा ल्याइएको होइन। रोजाका यी जोडदार क्रान्तिकारी तर्कहरूले जर्मन सामाजिक जनवादी पार्टीमा हलचल मच्चाइदियो र नेतृत्व दबावमा आयो । कार्ल काउत्स्की र अगस्ट बेबेलले अन्तत बहसमा उत्रिनुपर्यो । पार्टीका नेताहरूले देखावटी रूपमा बर्नस्टीनको आलोचना गरे पनि भित्रभित्रै सहमत थिए । रोजाले संशोधनवादीहरूलाई पार्टीबाट बाहिर निकाल्ने माग गरिन् । यो माग पूरा नभए पनि मार्क्सवादी दृष्टिकोण र सर्वहारा क्रान्तिलाई पार्टीको कार्यक्रममा स्वीकार गरियो ।

रोजा लक्जेम्बर्गले आफ्नो पत्रिकामा सन् १९०० पछिको सामाजिक आर्थिक समस्याहरूमाथि विश्लेषण प्रकाशित गरिन् । युद्धको आशंकालाई दृष्टि दिँदै उनले जर्मन सैन्यवाद र साम्राज्यवादको तीव्र आलोचना गरिन् । सन् १९०० मा रोजाले यूरोपीयन देशहरूका आर्थिक समस्याहरूको विश्लेषण गर्दै एउटा लेख लेखिन्, जसमा उनले पूँजी तथा श्रमको अन्तर्सम्बन्धलाई अत्यन्तै गहिराइपूर्वक विश्लेषण गरिकी थिइन् । यही क्रमसँगै रूसमा लेनिनको नेतृत्वमा मजदूर-किसान संगठित भएर रूसको जारशाहीको विरुद्धमा संघर्ष गरिरहेका थिए । सन् १९०५ मा रूसमा बोल्शेभिक क्रान्ति भयो। रोजा र उनका साथी लियो जोगोशलाई क्रान्तिकारीलाई साथ दिएको र हिंसा भड्काउन सहयोग गरेको आरोपमा गिरफ्तार गरियो । सन् १९०४ देखि सन् १९०६ को बीचमा आफ्ना राजनीतिक कार्वाहीहरूलाई अगाडि बढाउने क्रममा उनी तीनपटक गिरफ्तार भएर जेल गइन् । सन् सन् १९०५ मा अगस्ट बेबेलले रोजा लक्जेम्बर्गलाई सामाजिक जनवादी पार्टीको मुखपत्र भोरवाटर्स (अग्रिम) को सम्पादक बनाए । यही बीचमा पोल्याण्डको स्वाधीनतालाई लिएर रोजा र लेनिनको बीचमा मतभेदसमेत भएको थियो। रोजा पोल्याण्डको लागि सम्पूर्ण स्वाधीनताको माँग गरिरहेकी थिइन् भने लेनिन पोल्याण्डलाई राजनीतिक स्वायत्तता मात्र दिने पक्षमा थिए। आफ्नो विरोधलाई रचनात्मक रूप दिँदै रोजाले सन् १९०४ मा "अगर्नाइजेसनल क्वोइसन अफ रशियन डेमोक्रेशी" शीर्षक रचना लेखिन् । यसमा उनले लेनिनको वर्चस्वकारी राजनीतिको आलोचना गरेकी थिइन । रोजाका अनुसार यदि लेनिनका विचारहरूको आधारमा क्रान्ति भयो भने त्यसको परिणाम अन्तत : कम्युनिष्ट अधिनायकवादको रूपमा हुनेछ ।

सन् १९०५ को रूसी क्रान्तिको समयमा रोजा र लियो जोगिश वार्सा फर्किए तर उनीहरू त्यहाँ तुरुन्तै गिरफ्तार भए । रूसको असफल क्रान्तिले समग्र क्रान्तिको सन्दर्भमा रोजा लक्जेम्बर्गको धारणामा केही परिवर्तन गरिदियो । पहिले उनी समाजवादी क्रान्ति केवल विकसित पूँजीवादी मुलुकहरूमा मात्र हुन सक्दछ भन्ने कुरा मान्थिन् र अब उनी रूस जस्तो पिछडिएको मुलुकमा पनि क्रान्ति हुन सक्दछ भन्ने निषकर्षमा पुगिन् । दोस्रो १९०५ को क्रान्तिमा उनले वोल्शेभिक र मेन्सेभिकहरूको कार्यनीतिको फरकलाई महसुस गरिन् । बोल्शेभिकहरू क्रान्तिको भरपुर समर्थन गरिरहेका थिए भने मेन्सेभिकको दृष्टिकोण ढुलमुले प्रकारको र पूँजीपतिहरूको पिछलग्गू बन्ने खालको थियो। उनले आम हड्ताल र मजदूर वर्गको उभारलाई पनि देखिन् तथा सोभियतहरूको रूपमा सर्वहारा अधिनायकत्वका नयाँ रूपहरूलाई पनि देखिन् । यो क्रान्तिपछि उनले पूर्ण रूपमा बोल्शेभिकहरूको समर्थन गर्न थालिन् ।

सन् १९०६ मा रोजाले "आम हड्ताल, राजनीतिक पार्टी र ट्रेड यूनियन" नामक एक पुस्तक प्रकाशित गरिन् । यो पुस्तकमा उनले आम हड्तालभित्र मजदूरहरूको चेतना र संघर्षको स्तरलाई माथि उठाउने तथा समाजवादी क्रान्ति सम्पन्न गर्ने भौतिक शक्ति हुन्छ भन्ने कुरा स्पष्ट पारिन्। यो पुस्तकमा उनले उल्लेख गरे अनुसार हड्तालद्वारा श्रमिकहरूलाई केवल प्रगतिशील समाजवादी बनाएर क्रान्तिप्रति उन्मुख बनाउने मात्र होइन, बरू युद्धउन्मादमा डुबेको र स्वार्थपरकता एवम् साम्राज्यवादी लालसाले संसारलाई मृत्युको मुखमा धकेलिरहेको सरकारलाई पनि प्रतिहिंसात्मक गतिविधिहरूबाट पछि हट्न बाध्य बनाउन सकिन्छ। उनले लेखिन् - जनआन्दोलनको रूपमा हड्ताल स्वाभाविक र निर्णायक गतिविधि हो । पूँजीवादको विरूद्ध संघर्षमा सर्वहारा वर्गको यो एकदम अपरिहार्य र विशिष्ट औजार हो । उनका अनुसार प्राचीन कालमा युद्ध सैन्य अड्डा र युद्धमैदानमा लडिन्थे तर अहिले सर्वहारा वर्गको संघर्ष खुला सडकहरूमा तथा गल्लीहरूमा लडिन्छ। अन्तत : त्यो निर्णायक र परिवर्तनकारी सिद्ध हुन्छ । पछि आम हड्तालहरूको महत्त्वलाई बुझेर रोजा लक्जेम्बर्गले जर्मन साम्राज्यवाद र सैन्यवादको विरुद्धमा मजदूरहरूको आम हड्तालको सुझाव जर्मन पार्टीलाई दिइन् तर पार्टीले उनको सुझावलाई स्वीकार गरेन ।

रोजाले निरन्तर रूपमा जर्मन सरकारको साम्राज्यवादी युद्धनीतिको विरोध गरिरहिन् । उनका अनुसार श्रमिक वर्गले संगठित भएर हड्ताल, धर्ना, आदि अहिंसक गतिविधिको माध्यमबाट सरकारमा दबाव बढाएपछि युद्ध रोक्न सकिन्छ भन्ने थियो । रोजाको यस्तो विचारलाई सामाजिक जनवादी पार्टीले अस्वीकार गर्यो । यो विषयलाई लिएर रोजा र काउत्स्की बीचमा मतभेद शुरु भयो। रोजाका कैयौं साथीहरू पहिले नै गिरफ्तार भइसकेका थिए। केही भूमिगत रहेर जसोतसो आन्दोलन अगाडि बढाइरहेका थिए ।

सन् १९०७ बाट रोजाले सामाजिक जनवादी पार्टीका नेताहरू र विशेषगरी नवयुवाहरूलाई समाजवादी विचारधाराको बारेमा शिक्षा दिने जिम्मेवारी लिएकी थिइन् । वार्सा जेलबाट रिहा भएपछि रोजाले सामाजिक जनवादीको पार्टी स्कूलमा सन् १९०७ देखि १४ सम्म अध्यापनको काम गरिन् । उनका विद्यार्थीहरूमा फ्रेड्रिक इबर्ट जस्ता ठूला नेता पनि थिए । अध्यापकको रूपमा उनले मार्क्सवाद र समाजवादी दर्शनको बारेमा शिक्षा दिने काम गरिन् । उनले मार्क्सवादको बारेमा शिक्षा दिँदा पुनरावृत्तिको रूपमा होइन, बरू असहमतिसहित र आलोचनात्मक ढंगले दिने गर्थिन् । रोजाले मार्क्सको मूल्यको श्रमसिद्धान्तको मौलिक व्याख्या पनि गरिन् । उनले पूँजीको दोस्रो खण्डमा देखिएका कमजोरीहरूलाई पनि समीक्षा गरिन् । सन् १९०७ मा उनी रूसी सामाजिक जनवादी पार्टीको लण्डनमा भएको पाँचौं महाधिवेशनमा सामेल भइन् । यही महाधिवेशनमा लेनिनसँग उनको भेट भयो। लेनिनसँग कैयौं विषयहरूमा फरक मत हुनुको बाबजुद क्रान्तिकारी मार्क्सवादको रक्षाको लागि लेनिन रोजालाई अत्यन्तै सम्मान गर्दथे ।

सन् १९०७ मा स्टुटगार्टमा भएको दोस्रो अन्तर्राष्ट्रियको सम्मेलनमा रोजाले साम्राज्यवादी मुलुकहरूले गरेका युद्धका प्रयासहरूको विरोधमा सर्वहारा अन्तर्राष्ट्रियवादलाई बुलन्द गर्दै सबै समाजवादी पार्टीहरूसँग आफ्नो देशमा युद्धको विरोध गर्ने कुराको अपिल गरिन् तथा युद्धको विरोधमा एक प्रस्ताव पेश गरिन् । यो प्रस्ताव स्वीकार गरिएको थियो । उनले महाधिवेशनमा भनिन्-"युद्ध हुने खतराको बीचमा मजदूरहरू र तिनीहरूका संसदीय प्रतिनिधिहरूको कर्तव्य के हुन्छ भने उनीहरूले सम्बन्धित देशमा युद्ध रोक्नको लागि सबै उचित प्रयास गर्नुपर्दछ, जसमा निश्चित रूपमा वर्गसंघर्षको स्थिति र राजनीतिक स्थिति अनुरूप परिवर्तन वा तीव्रता ल्याउन सकिन्छ। यदि युद्ध शुरु भयो भने पनि उनीहरूको कर्तव्य के हुन्छ भने यसलाई छिट्टै अन्त गर्नको लागि आवाज उठाउने र युद्धबाट उत्पन्न आर्थिक, राजनीतिक संकटको प्रयोग विभिन्न सामाजिक स्तरलाई जागृत गरी पूँजीवादी शासनलाई शीघ्र रूपमा उखेलेर फ्याँक्नु पर्दछ ।" सम्मेलनमा एउटा साझा पर्चा साम्राज्यवाद, युद्ध तथा उपनिवेश तयार गरिएको थियो । यो पर्चा पढ्नको लागि लेनिनले आफ्नो स्थितिको प्रतिनिधिको रूपमा दोस्रो इन्टरनेशनलमा रोजाको नाम अगाडि बढाए । वैचारिक यात्रामा उनी कैयौं पटक लेनिनको निकट रहिन् । यो सम्मेलनमा रोजा एकमात्र महिला प्रतिनिधि थिइन् । यहाँ रोजा महिलाको सम्बन्धमा कैयौं मुद्दाहरूलाई राजनीतिक धरातलमा प्रस्तुत गर्नमा सफल भइन् । महिला अधिकारको पक्षलाई सबल बनाउनमा रोजाले कैयौं तर्कहरू राखिन् । दोस्रो इन्टरनेशनलमा रोजाद्वारा प्रस्तुत गरिएको प्रस्तावलाई लेनिनले असाधारण महत्त्वपूर्ण बताएका थिए । मजदूरहरूमा महिला मजदूरहरू को आवश्यकता र उनीहरूको आवाजलाई राजनीतिक मंचमा प्रस्तुत गर्ने सबभन्दा प्रखर स्त्रीको रूपमा रोजालाई चिनिन्थ्यो। रोजाले स्वयंलाई स्थापित गर्नमा धेरै संघर्ष गर्नुपरेको थियो। किनकि उनी एक यहूदी थिइन्, महिला थिइन् र एक उत्पीडित राष्ट्र पोल्याण्ड निवासी थिइन् ।

रोजा लक्जेम्बर्गको मौलिक विचार प्रथम विश्वयुद्धमा उनले खेलेको महत्त्वपूर्ण भूमिकाबाट स्पष्ट हुन्छ । उनले सर्वहारा शक्तिको उपयोग युद्धबाट देशलाई बचाउनको लागि गर्नुपर्ने विचार स्पष्ट रूपमा राखेकी थिइन् । सन् १९१२ मा भएको यूरोपियन समाजवादी संगठनको महाधिवेशन मा रोजा जर्मन सामाजिक जनवादी पार्टीकी प्रतिनिधि छनौट भइन्। त्यतिबेला विश्वमा युद्धको सघन बादल मडारिन लागेको थियो। जर्मनी सेनाहरूलाई युद्धको तयारीमा लगाइएको थियो । राष्ट्रवादी नेताहरू पनि युद्धकै समर्थनमा थिए। उनले फ्रान्सेली समाजवादी जीन जोरेसँग युद्ध शुरु भएपछि यूरोपका सबै मजदूर पार्टीहरूले युद्धको विरोध गर्नुपर्ने कुरा आग्रह गरिन् । सन् १९१३ मा एक विशाल सभामा मजदूरहरूलाई सम्बोधन गर्दै उनले भनिन् : 'यदि उनीहरू हामी आफ्ना फ्रान्सेली र अन्य बन्धुहरूको विरुद्धमा हतियार उठाऔं भन्ने सोच्छन् भने हामीले चिच्याएर भन्नुपर्दछ - "हामी यसो कदापि गर्नेछैनौं।" तर सन् १९१४ मा प्रथम विश्वयुद्ध शुरु भएपछि जर्मन सामाजिक जनवादी पार्टीसहित फ्रान्सेली सामाजिक जनवादी पार्टी र अधिकांश सामाजिक जनवादी पार्टीहरू युद्धउन्मादमा बहकिए र आ-आफ्ना देशका पूँजीपतिहरूका पिछलग्गू बन्नपुगे । जर्मन संसद मजदूर प्रतिनिधिहरूले सरकारको युद्धनीतिको पक्षमा मतदान गरे तथा सरकारलाई युद्धको क्रममा हड्ताल नगर्ने आश्वासन दिए । रोजा यी सबै घटनाक्रमहरूबाट बडो चिन्तित थिइन् । राजनीतिक अवसरवाद पुन: एकपटक विजयी भएको थियो । रोजाले शुरुदेखि नै विरोध गर्दै आएकी प्रतिक्रियावादी नेता आफ्ना कुरामा सफल भएका थिए। पार्टी नीतिको कुनै वास्ता नगरी रोजाले युद्धविरोधी नीति जारी राखिन् । यसबेला जर्मनीमा रोजा लक्जेम्बर्ग, कार्ल लिब्नेख्त, क्लारा जेट्किन, फ्रान्च मेहिरिंग जस्ता मजदूर वर्गका सच्चा नेताहरूले युद्धको विरोध गरे। रोजा लक्जेम्बर्गले फ्याँकफर्टमा एक युद्धविरोधी र्याली आयोजना गरिन्, जसमा उनले सैन्य भर्तीको विरोध गर्ने तथा सरकारी आदेश नमान्ने कुरा अपिल गरिन्। रोजाले प्रदर्शन र जनसभाहरूमार्फत् जनतामा चेतना फैल्याउनुका साथसाथै लेखन कार्यलाई पनि निरन्तरता दिइरहेकी थिइन् । सन् १९१३ मा उनको एक महान कृति "द एक्युमुलेसन अफ क्यापिटल : एक कन्ट्रिव्यूसन टु इन इकोनोमिक एक्सप्लेनेसन अप इम्पियरिलिज्म" प्रकाशित भयो ।

बाँकी अर्को अंकमा...

## स्वास्थ्य

## लसुन एक फाइदा अनेक

लसुन एक महत्वपूर्ण घरेलु औषधि हो । प्राचीन समयदेखि नै विभिन्न भोजन तरकारीमा गरम मसलाको रुपमा लसुनको प्रयोग हुने गरेको छ । यसको खेति हाम्रो देशमा पनि हरेक ठाउँमा हुने गरेको छ ।

लसुनका सामान्य लाभ

आयुर्वेदिक मतअनुसार लसुनले वात कफ नास गर्छ र दुखाई शान्त पार्छ । यसले पाचन शक्ति बढाउँछ, कृमि नाश गर्छ, हृदय र कलेजोलाई उत्तेजक पार्छ । महिलाको महिनावारी ठीक राख्न र पुरुषको वीर्य पुष्ठ पार्न पनि लसुनले मद्दत गर्छ । पिसाबको समस्या, रक्तदोष, सुन्निने समस्या आदिमा पनि लसुन लाभदायक हुन्छ । गर्भावस्थामा भने यसको प्रयोग अहितकर हुन्छ । त्यसपछि २,३ केस्रा लसुन दूधसँग खाएमा फाइदा हुन्छ ।

चिलाउने समस्या

- सामान्य प्रकारको छालाको चिलाउने रोग जस्तैः- दाद, एक्जिमा आदिमा लसुनको रस लगाउनु लाभकारी हुन्छ ।

- लसुनको रस र कागती समभाग राखी कपासको माध्यमले दिनको ३/४ पटक चिलाउने घाउ पुछ्ने गर्दा चिलाउने कम हुन्छ ।

बच्चाको रुघाखोकी

लसुनलाई तेलमा फुराएर डढाउने र साथमा मेथीको गेडा पनि फुराउने र डढाउने । उक्त तेललाई मनतातो भए पछि रुघा लागेको बच्चाको नाकको प्वालबाहिर दल्ने, तेल छाती, घाँटी, ढाडमा सेकाउँदै मालिश



लसुनको पात, गाँठो केस्रा र जरा सबैको प्रयोग गर्न सकिन्छ । लसुनका यी विविध भागलाई नियमित रुपले काँचै वा पकाएर खाने गर्दा मुटु र रक्तनलीका बिभिन्न रोग लाग्ने संभावना न्यून हुन्छ। क्यान्सरको समस्यामा लसुन पनि लाभदायक देखिएको चिनियाँ चिकित्सकको अनुसन्धानले पुष्टि गरेको छ ।

उच्च रक्तचाप

उच्च रक्तचापको लागि दिनहुँ ५ देखि १० केस्रा काँचो लसुन प्रयोग गर्दा लाभदायक हुन्छ । यसरी लसुन खाँदा एकै पटक नखाएर पटकपटकको खानासँगै खानु राम्रो हुन्छ ।

ग्यास्ट्रिक

पेट फुल्ने, अमिलो पानी आइरहने र पेट दुख्ने भएमा बिहान उठेर २ गिलास पानी पिउने र गर्ने। निधार र नाक वरिपरि या तेल लगाउने गर्दा ससाना शिशु तथा बच्चाको रुघाखोकी ठीक हुन्छ। यो प्रयोगले ठूला व्यक्तिलाई पनि फइदा गर्छ ।

जोर्नी दुखाई र सुन्निनेमा

एक पाउ लसुन थिचेर एक चौथाइ जति तेल र चार चौथाई जति पानी एकै भाँडामा राखी घोल्ने र त्यसलाई मन्द आगोमा पकाउने। पानी सुकेर तेल र लसुनको छोक्रा मात्र बाँकी भए पछि तेललाई छानेर शिशीमा राख्ने। यो तेल दिनको ३/४ पटक जोर्नी दुखेको र सुन्निएको ठाउँमा लगाउने, मालिश गर्ने गर्दा आराम महसुस गर्दछ ।

अपच

खानासँगै ३ र ४ केस्रा लसुन बिहान बेलुका खाने गर्दा अपच समस्या हटेर जान्छ ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर